# प्रदेश राजपत्र

**कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड १) सुर्खेत, साउन ३१ गते, २०७५ साल (अतिरिक्ताङ्क १४**

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संम्वत् २०७५ सालको ऐन नं. १३

# <u>प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>:** प्रशासकीय कार्यविधि नियमित गर्न, कर्णाली प्रदेशको शिघ्र संवृद्धिको लागि, नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न अत्यावश्यकिय बोर्ड, आयोग, समिति, परिषद वा यस्तै प्रकृतिका संस्था गठन तथा संचालनका लागि कानूनी लिखत तयार गर्न आवश्यक भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "नियम" भन्नाले बोर्ड, आयोग, समिति, परिषद वा यस्तै प्रकृतिका संस्था गठन तथा संचालनका लागि तर्जुमा गरिएको कानूनी लिखत सम्झनु पर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश मन्त्रिपरिषद् सम्झनु पर्छ ।

३. **<u>नियम बनाउने प्रदेश सरकारको अधिकार</u>:**(१) कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न सबै प्रशासकीय विषयका कार्यविधि तत्काल नियमित गर्नको निम्ति प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएका नियमहरु कानून सरह लागू हुनेछन ।

प्रमाणीकरण मिति : २०७५।४। ३१

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३